म्याग्दे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# अमानत विधिवाट नदिजन्य पदार्थको संकलन, ओसारपोसार, तथा विक्री वितरण सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/१०/१८)

मिति २०८०/१०/१५ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार चालु आ.व. २०८०/०८१ मा नदिजन्य पदार्थको उत्खनन् संकलन तथा विक्रीवितरणको सम्बन्धमा खुला बोलपत्रको माध्यमबाट आय ठेक्का बन्दोबस्त नभएको वडा नं. ५ स्थित सेती नदी किनाराको फुलवारी थाड्दी घाटमा गाउँपालिकाको व्यवस्थापनमा अमानत विधिवाट मिति २०८०/११/०१ देखी नदीजन्य पदार्थको विक्री वितरण गर्ने भनि निर्णय भएको हुँदा ईच्छुक ट्र्याक्टर व्यावसायीहरुले मिति २०८०/१०/१८ गतेवाट निवेदन दिई नदिजन्य पदार्थ संकलन तथा विक्री वितरणमा सहभागि हुनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिलः

१) सवारी साधनको विल वुक (नविकरण भएको)

२) सवारी साधन चालक अनुमति पत्र,

३) तोकिएको ढाँचामा निवेदन।

आवश्यक शर्तहरुः

१) नदीजन्य पदार्थको विक्री वितरणको राजश्व दर प्रति घ.मि. रु. ३६४/- मात्र गाउँपालिकाले तोकेको माध्यमवाट गाउँपालिकाले तोकेको स्थानमा दाखिला गर्नुपर्नेछ।

२) गाउँपालिकाले जारी गरेको सम्बन्धित मितिमा र सवारी साधन उल्लेखित रसिदमा गाउँपालिकाको कर्मचारीले घाटवाट लगेको छाप लगाई लगबुकमा जनाएपछि मात्र बाहिर ढुवानी गर्न पाईनेछ।

३) गाउँपालिकाले तोकेको चोकर केलाउने ज्याला सम्बन्धित मजदुर समुहलाई भुक्तानी गर्ने जिम्मा ढुवानी गर्ने व्यक्तिको हुनेछ।

४) पानी चुहिने गरि, नछोपिकन र सवारी साधनको क्षमताभन्दा बढि ढुवानी गर्न पाईने छैन।

५) उत्खनन् तथा संकलन कार्य विहान ७ बजे देखि बेलुका ५ बजे सम्म गर्नुपर्नेछ।

६) अन्य व्यवस्था गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

..........................

श्रीप्रसाद श्रेष्ठ

अध्यक्ष

निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
म्याग्दे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
छाङ्ग, तनहुँ।

**विषयः अमानतवाट ढुङ्गा, गिट्टी, वालुवा संकलन गरिपाउँ।**

महोदय,

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०८०/१०/१८ गते प्रकाशित सूचना अनुसार म्याग्दे गाउँपालिका वडा नं. ५ मा अवस्थित फुलवारी थाङ्दी घाटवाट अमानतमा नदीजन्य पदार्थ उत्खनन् कार्यका लागि गाउँपालिकाले तोकेको दररेटमा राजश्व बुझाउने गरि तपसिल बमोजिमको मिति हरुमा तपसिल बमोजिमको परिमाणमा नदिजन्य पदार्थको उत्खनन् तथा ढुवानी गर्ने गरि सहभागि हुनका लागि तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको छु।

<u>संलग्न कागजातहरुः</u>

१) सवारी साथनको विल वुक (नविकरण भएको)
२) सवारी साधन चालक अनुमति पत्र,

<u>संलग्न गरिने परिमाण र समयः</u>

| सि.नं. | निवेदकको नाम | सवारी साधन नं. | मालवस्तुको किसिम पलास्टर वालुवा/चोकर/ढुङ्गा | परिमाण (एक ट्याक्टर वरावर ३ घ.मि.) | | संकलन तथा ढुवानी गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | | घ.मि. | ट्रिप | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदकको नाम सम्परक नं. र सहिछाप

श्रीप्रसाद श्रेष्ठ